नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

बबरमहल, काठमाडौं

पत्र संख्या : ०७८।७९

चलानी नं.:

मिति: २०७९।१।११

बिषय: चालु आ.व.का लागि नपुग तलब माग सम्बन्धमा ।

श्री यस कार्यालयबाट निकासा हुने कार्यालय/निकायहरु सवै ।

प्रस्तुत बिषयमा महालेखा नियन्त्रक कार्यालयको मिति २०७९/०१/०७ च.न.२०९ को नपुग तलब निकासा सम्बन्धि पत्रानुसार निजामती कर्मचारी , सेना र प्रहरी तर्फको चालु आ.व. को बाँकी अवधिका लागि नपुग हुन जाने तलब माग गर्दा अनिवार्य रुपमा तपशिल बमोजिम गर्नुहुन अनुरोध छ ।

तपशिल

१. चालु खर्च तर्फ हालसम्म खर्च हुन बाँकी रहेको रकमबाट रकमान्तर गरी रकम व्यवस्थापन गर्दा समेत तलब भुक्तानि गर्न रकम अपुग भएको भन्ने व्यहोरा खुलेको सम्बन्धित मन्त्रालयको पत्र ।

२.आफ्नो कार्यालयबाट तलब भुक्तानि हुने वजेट उपशीर्षक र खर्च शीर्षक अन्तर्गतका क्रियाकलापहरुमा चालु आ.व.मा विनियोजित कुल बजेट, हालसम्मको खर्च र अव नपुग हुन जाने खुद रकम यकिन खुलेको विवरण

३. चालु वर्षमा तलब भुक्तानी हुने वजेट उपशीर्षक र खर्च शीर्षक अन्तर्गतका क्रियाकलापहरु मध्ये कुनै क्रियाकलापमा रकम बचत हुन जाने र कुनै क्रियाकपालमा रकम नपुग हुन जाने अवस्थामा बचत हुन जाने क्रियाकलापमा बाँकी रहने रकम मध्येबाट नपुग हुने क्रियाकलापमा रकमान्तर गरी चालु आ.व. खुद नपुग हुने रकम मात्र यस कार्यायलमा माग गर्ने । यसरी माग गर्दा खुद नपुग हुने तलब रकम मात्र (भुक्तानि पश्चात बांकी मौज्दात रकम शुन्य (०) हुने गरी ) माग गर्नु हुन अनुरोध छ ।

प्रमुख कोष नियन्त्रक

बोधार्थः

श्री महालेखा नियन्त्रक कार्यालय

बजेट कार्यान्वयन तथा सोधभर्ना शाखा अनामनगर ,काठमाडौं ।



**फोन** : ०१-५३६०९२२/ ०१-५३६०९०७ **इमेल**:babarmahal.dtco@fcgo.gov.np, dtco35@gmail.com